आज मिति २०७८ साल जेठ १५ गते विहान ११:३० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री कमल प्रसाद भुसालको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक गाउँकार्यपालिकाको भवनमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

देहाय

**उपस्थिति**

| | |
|---|---|
| श्री कमल प्रसाद भुसाल | अध्यक्ष |
| श्री डम्बर कुमारी गुरुङ | उपाध्यक्ष |
| श्री हेमनाथ आचार्य | सदस्य |
| श्री ओम प्रसाद कवँर | सदस्य |
| श्री रण बहादुर आले | सदस्य |
| श्री भिम बहादुर श्रेष्ठ | सदस्य |
| श्री श्याम बहादुर के.सी. | सदस्य |
| श्री टेक बहादुर थापा | सदस्य |
| श्री खगिसरा भुसाल | सदस्य |
| श्री देउमायाँ ठँडाली | सदस्य |
| श्री लक्ष्मी आचार्य | सदस्य |
| श्री ललित नेपाली | सदस्य |
| श्री खैसरा दर्जि | सदस्य |
| श्री मनविर दमाई | सदस्य |
| श्री ध्रुव दयाल | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| श्री सन्तोष सुवेदी | कम्प्यूटर अपरेटर |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ : पुर्व वैठकका निर्णय समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : LISA को प्राप्ताङ्क अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : प्रतिनिधि खटाउने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : मनसुनजन्य विपद्को भूक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ५ : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ६ : कोभिड १९ पोजेटिभ संक्रमित व्यक्तिलाई छुट दिने सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १ : मिति २०७८ साल बैशाख २६ गतेको कार्यपालिकाको वैठकले गरेका कोभिड १९ सम्बन्धी विभिन्न निर्णयहरुको कार्यान्वयन अवस्था बारे समिक्षा गरियो । जस अनुसार वडा स्तरिय कमाण्डिङ टिम, घुम्ती स्वास्थ्य सेवा, विरामी बोक्न यातायात व्यवस्थापन सम्बन्धी निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रहेको पाईयो ।

निर्णय नं. २ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्थानीय तहको संस्थागत स्व-मुल्यांकनको लागि तयार गरेको वेव पोर्टलमा यस विहादी गाउँकार्यपालिकाको कार्यालयवाट स्व-मुल्यांकन सँग सम्बन्धित प्रश्ननावलीहरुको जवाफ सहितको विवरण सहित डाटा इन्ट्रि गर्ने काम सकि अनुमोदनको लागि प्रमुख प्रशासकीय अधिकृत वाट यस विहादी गाउँकार्यपालिकामा पेश गरेबमोजिम विहादी गाउँपालिका, पर्वतले विभिन्न १० वटा विषयगत क्षेत्रहरुको औषत नतिजा ५२.२५ प्रतिशत प्राप्त गरेकाले सो नतिजा अनुमोदन गरि सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : सम्मानित श्री उच्च अदालत पोखरा, बागलुङ इजलासमा अन्तरिम आदेश सहितको परमादेश जारी गरि पाउँ भनी रिट नं. 077-WO-0035 वाट दर्ता भएको रिटमा यस गाउँपालिकालाई समेत विपक्षी बनाई पेश गरेको रिट निवेदन सम्बन्धमा वैठकमा पेश

भई छलफल भयो । तत् सम्बन्धमा सम्मानित अदालतवाट मिति २०७८ जेठ १० गते यस विहादी गाउँपालिका र गाउँ कार्यपालिकाको कार्यालय, पर्वतका नाममा १५ दिने म्याद सूचना जारी गरेकोले उक्त रिटको लिखित जवाफ पेश गर्न तथा सो को प्रतिरक्षा लगायत सम्पूर्ण कानुनी काम कारवाही गर्नका लागि विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका सव-ईन्जिनियर श्री सागर रेग्मीलाई गाउँपालिकाको तर्फवाट अख्तियारी प्रदान गरी प्रतिनिधि तोक्ने निर्णय गरियो ।

निर्णय नं. ४ : २०७७ सालको मनसुन अवधिमा बाढी पहिरो जन्य विपद् वाट क्षतिग्रस्त निजि आवास पुनर्निर्माण तथा पुनस्थापनाका लागि जिल्ला प्रशासन कार्यालय पर्वतको च.नं. २६८९, मिति २०७८।०२।०९ गतेको पत्रानुसार मनसुनजन्य विपद् प्रभावित निजि आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम यस पालिकाले बेहोर्नुपर्ने १० प्रतिशत अनुसार हुन आउने जम्मा रकम रु २ लाख ६० हजार मात्र जिल्ला प्रशासन कार्यालय, पर्वतलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५ : शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमि भक्तपुरको च.नं. २५६, मिति २०७७।१२।३० को पत्रवाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि यस विहादी गाउँपालिका अन्तर्गत ७ वटा विद्यालयहरुमा कक्षाकोठा निर्माण र ३ वटा विद्यालयमा शिक्षामा नविन प्रविधि प्रवर्धन कार्यक्रम शिर्षकमा बजेट विनियोजन भएको । छनौट भएका विद्यालयहरुमध्ये राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम कक्षाकोठा निर्माणका लागि ३ वटा विद्यालयहरुमा तोकिएको मापदण्ड पुगेको र ४ वटा विद्यालयहरुमा तोकिएको मापदण्ड अनुसारको जग्गा उपलब्ध नभएता पनि विद्यालयको भौगोलिक अवस्था, जग्गाको उपलब्धता र सम्बन्धित विद्यालयको आवश्यकतालाई मध्यनजर गर्दै मापदण्ड बमोजिमको जग्गा नपुगेका देहायका विद्यालयहरुमा विद्यालयको आवश्यकता अनुसारको ड्रइङ, डिजाईन र इस्टिमेट बनाई कक्षाकोठा निर्माण गर्न लगाउने निर्णय गरियो ।

देहाय :

१. आम्बारी आधारभूत विद्यालय, विहादी २

२. चन्द्र माध्यमिक विद्यालय, विहादी ५
३. लक्ष्मीभवन माध्यमिक विद्यालय, विहादी ४
४. शालिग्राम माध्यमिक विद्यालय, विहादी ६

निर्णय नं. ६ : यस पालिका भित्रका कोभिड १९ पोजेटिभ रिपोर्ट आएका संक्रमित व्यक्तिहरु रिफर भई यस पालिकाको एम्बुलेन्सवाट अस्पताल जानुपर्ने भएमा एम्बुलेन्स भाडा छुट दिने निर्णय गरियो। पुनश्च छुट सुविधा लिनको लागि संक्रमित व्यक्तिले अनिवार्य रुपमा कोभिड १९ पोजेटिभ रिपोर्ट पेश गर्नुपर्नेछ।